"स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट, लोक सेवा आयोगको दृढ अठोट"
"निजामती सेवाको मान्यता: अनुशासन, इमान्दारी र नैतिकता।"

www.psc.gov.np

लोक सेवा आयोग
# समाचार पत्र

A Trimester Newsletter of
Public Service Commission, Nepal

वर्ष - ५ | अंक - ४ | पूर्णाङ्क - १६ | वैशाख - असार २०७२

## आयोगको ६५औं वार्षिकोत्सव सम्पन्न










(आयोगका पदाधिकारीहरु तथा कर्मचारीहरु विद्यालयको भग्नावशेष पन्छाउँदै)

निजामती सेवामा निस्पक्ष तवरले दक्ष र योग्य उम्मेदवार छनौट गरी सिफारिश गर्न वि.सं २००८ साल असार १ गते लोक सेवा आयोगको स्थापना भएको हो । आयोगले प्रत्येक वर्ष असार १ गते औपचारिक रुपमा विभिन्न कार्यक्रमहरुको आयोजना गरी वार्षिकोत्सवको रुपमा मनाउँदै आएको छ । स्थापनाको ६५औं वार्षिकोत्सव भने आयोगबाट नियमित रुपमा मनाउँदै आएको भन्दा केही भिन्न तरिकाले मनाइयो । २०७२ साल वैशाख १२ गते आएको विनाशकारी भूकम्पका कारण मुलुकमा विशाल जनधनको क्षति भइरहेको अवस्थामा आयोगले आयोग परिसरमा कार्यक्रमहरु सञ्चालन गरेर, खर्च गरेर वार्षिकोत्सव मनाइरहनु भन्दा कुनै भग्नावशेष सफा गरेर मनाउने निर्णय गरे अनुसार २०७२ साल असार १ गते विहान काठमाडौं नगरपालिका वडा नं. ७ सिफल स्थित भूकम्प प्रभावित "बाल व्यवसायी केन्द्र माध्यमिक विद्यालय" मा आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरु, सचिव तथा कर्मचारीहरु उपस्थित भई उक्त विद्यालयको भग्नावशेष हटाउने कार्य गरियो । उक्त दिन विहान ७.०० बजे आयोगका

### समावेश भएका विषयवस्तुहरु


- आयोगको ६५औं वार्षिकोत्सव सम्पन्न
- आयोगका पदाधिकारीबाट संविधान सभामा आयोगको अवधारणा प्रस्तुत
- आयोगको आर्थिक वर्ष २०७२/७३ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका स्वीकृत
- विनाशकारी भूकम्प र आयोगका कामकारवाही
- "हेलो लोक सेवा आयोग" फेसबुक सञ्चालन
- आयोगको प्रवक्ता र सहायक प्रवक्ता तोकिएको
- आयोगका महत्वपूर्ण निर्णयहरु
- आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना सम्बन्धी विवरण
- आयोगका पदाधिकारी/कर्मचारीहरुबाट स्वदेश तथा विदेश भ्रमण
- तालिम/ गोष्ठी
- समवेदना
- आर्थिक वर्ष २०७१/७२ को चौथो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति
  1. विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षा नतिजा, अन्तर्वार्ता एवं सिफारिश सम्बन्धी विवरण
  2. परामर्श सम्बन्धी विवरण
  3. बजेट खर्च रकम
- अन्तर्वार्ता :
  - क) राजपत्रांकित द्वितीय श्रेणी नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको खुलातर्फ सिफारिश हुनुभएका श्री देवराज जोशी
  - ख) राजपत्रांकित द्वितीय श्रेणी नेपाल प्रशासन सेवा, लेखा समूहको महिला तर्फ सिफारिश हुनु भएका श्री मिठु थापा
- सूचनामूलक लेख
- सूचनाको हक सम्बन्धी ऐन, नियमावली अनुसारको विवरण
- आर्थिक वर्ष २०७२/७३ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका


सम्पादक मण्डल :
केदारनाथ शर्मा
अध्यक्ष
(सहसचिव)
गीता कुमारी होमेगाई
सदस्य
(उपसचिव)
सूर्य प्रसाद सापकोटा
सदस्य-सचिव
(शाखा अधिकृत)

माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली, माननीय सदस्यहरु श्री बिन्द्रा हाडा (भट्टराई), डा. गोविन्द प्रसाद कुसुम, श्री श्रीपुरुष ढकाल, श्री अशोककुमार झा, श्री ब्रह्मदेव राय, श्री कृष्णचन्द्र झा, आयोगका सचिव श्री विष्णुप्रसाद लम्साल, आयोगका केन्द्रीय कार्यालय, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय तथा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्रका कर्मचारीहरु उक्त विद्यालयको प्राङ्गणमा भेला भई राष्ट्रिय गान गाई भग्नावशेष हटाउने कार्यको शुरुवात गरिएको थियो । उक्त अवसरमा भूकम्पबाट भत्केका सो विद्यालयका इटा तथा काठहरुलाई विद्यालय बाहिरको खुला चौरमा व्यवस्थापन गर्ने कार्य गरिएको थियो । विहान ७.०० बजेदेखि सुरु भएको उक्त कार्य विहान ९.३० बजेसम्म सुचारु रहेको थियो। उक्त कार्यक्रमको समापन गर्दै आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीले राष्ट्रिय विपत्तिको अवस्थामा आयोगको स्थापना दिवसलाई औपचारिक रुपमा भव्यताका साथ मनाउनु उपयुक्त नभएकोले यस वर्षको वार्षिकोत्सव विपद्मा परेका संघ सस्थालाई सहयोग गर्ने उद्देश्यले यसरी भग्नावशेष हटाउने कार्य गरी मनाइएको बारेमा प्रष्ट पार्नुभयो। उहाँले कार्यक्रममा उपस्थित माननीय सदस्यहरु, सचिव लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिनुभयो ।

## आयोगका पदाधिकारीबाट संविधान सभामा आयोगको अवधारणा प्रस्तुत

मिति २०७२ साल जेठ ३२ गते लोक सेवा आयोगका माननीय अध्यक्ष, माननीय सदस्यहरु र सचिवसमेतका पदाधिकारीले संविधान सभाका सम्माननीय अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङसँग भेट गर्नुभयो । भेटका क्रममा आयोगका पदाधिकारीहरुले संविधानसभाबाट निर्माण हुन गइरहेको नेपालको भावी संविधानमा लोक सेवा आयोग र सार्वजनिक सेवाका सम्बन्धमा समावेश गर्नुपर्ने विषयहरु सम्बन्धी लोक सेवा आयोगको अवधारणा प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत अवधारणामा भावी संविधानमा लोक सेवा आयोगको संघीय र प्रादेशिक संरचना, तिनका काम, कर्तव्य र अधिकार के कस्तो रहने, निजामती सेवा सञ्चालनका सिद्धान्तका आधारहरु सम्बन्धी विषयहरु उल्लेख गरिएको थियो । उक्त अवसरमा नेपालको सार्वजनिक सेवालाई अझ व्यवस्थित, मर्यादित, सुदृढ, सक्षम, सेवामूलक, उत्तरदायी र बदलिँदो संघीय संरचना अनुरुप बनाउन निजामती, प्रहरी, सैनिक लगायत अन्य आवश्यक सेवाहरुको व्यवस्था संविधानमा नै गर्न उपयुक्त हुने अवधारणा आयोगका तर्फबाट प्रस्तुत गरिएको थियो ।

यसरी आयोगको अवधारणा प्रस्तुत गरिएकोमा संविधान सभाका सम्माननीय अध्यक्षले आयोगका माननीय अध्यक्ष लगायतका पदाधिकारीहरुलाई धन्यवाद दिनुभयो । साथै संविधान निर्माणकै क्रममा रहेकोले आयोगबाट प्रस्तुत अवधारणालाई भावी संविधानमा समावेश गर्न सकिने अवस्था विद्यमान रहेको धारणा समेत व्यक्त गर्नुभयो ।

आयोगबाट उक्त अवधारणा प्रस्तुत गर्ने क्रममा लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली, माननीय सदस्यहरु श्री बिन्द्रा हाडा (भट्टराई), डा. गोविन्द प्रसाद कुसुम, श्री श्रीपुरुष ढकाल, श्री अशोककुमार झा, श्री ब्रह्मदेव राय र श्री कृष्णचन्द्र झा एवं आयोगका सचिव श्री विष्णुप्रसाद लम्साल र व्यवस्थापिका संसदका महासचिव श्री मनोहरप्रसाद भट्टराईको उपस्थिति रहेको थियो ।

भावी संविधानमा लोक सेवा आयोगलाई अझ सशक्त र प्रभावकारी बनाउने विषयमा संविधान सभालाई आयोगको तर्फबाट आवश्यक सुझावहरु दिनका लागि आयोगको निर्णयानुसार आयोगका माननीय सदस्य श्री बिन्द्रा हाडा(भट्टराई)को अध्यक्षतामा माननीय सदस्यहरु श्री अशोककुमार झा र श्री ब्रह्मदेव राय, सचिव श्री विष्णुप्रसाद लम्साल र सहसचिव श्री राजीव गौतम समेतको एक कार्यदल गठन भई उक्त विषयमा तयारी गरिएको थियो ।

## आयोगको आर्थिक वर्ष २०७२/७३ को वार्षिक कार्यतालिका स्वीकृत

लोक सेवा आयोगले निजामती सेवामा पदपूर्तिका लागि प्रत्येक आर्थिक वर्षको सुरुमा पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका आयोगबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने गरेको छ। वार्षिक कार्यतालिकामा आर्थिक वर्षका लागि पदपूर्तिका क्रममा विभिन्न सेवा, समूह सञ्चालन गर्ने विभिन्न निकायहरुबाट माग भएका विभिन्न सेवा, समूह, उपसमूह, श्रेणी तथा पदहरुका पदपूर्ति किसिम, तिनको आधारमा प्रतिशत निर्धारण गर्ने, विज्ञापन/सूचना प्रकाशन गर्ने, लिखित परीक्षा सञ्चालन गर्ने, लिखित परीक्षाको नतिजा प्रकाशन तथा अन्तर्वार्ता सञ्चालन र नियुक्तिको लागि सिफारिश गर्ने समयावधि समेत उल्लेख गर्ने गरिन्छ। आयोगबाट आर्थिक वर्ष २०७२/७३ को लागि पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका मिति २०७२ असार ३१ गते स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ। यस वर्षको कार्यतालिकामा विगतका कार्यतालिकामा भन्दा सामान्य हेरफेर गरिएको छ । आयोगबाट हुने विज्ञापनहरु मध्ये अत्याधिक मात्रामा दरखास्त पर्ने राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह र राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरह (अप्राविधिक तर्फ) का पदहरुमा प्रथम चरण र दोस्रो चरणको परीक्षा लिने गरी आयोगको वार्षिक कार्यतालिका स्वीकृत भएको छ । यसो गर्नुको मुख्य कारण उक्त पदहरुमा लिइने परीक्षा सञ्चालन सम्बन्धी कार्यहरु (परीक्षा सञ्चालन, उत्तर पुस्तिका सांकेतीकरण, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन)मा हाल भइरहेको अत्याधिक श्रम, लागत र समयलाई न्यूनीकरण गर्नु र परीक्षार्थीको दृष्टिकोणले पनि परीक्षालाई सहज र सरल गर्नु रहेको छ ।

## विनाशकारी भूकम्प र आयोगको कामकारवाही

**क) भूकम्पका कारणका आयोगको पूर्वनिर्धारित कार्यतालिकामा असर**

मिति २०७२ वैशाख १२ गते गएको विनाशकारी प्रकोपजन्य भूकम्प तथा त्यसपछि दिनदिनै जस्तो गइरहेका पराकम्पनहरु र सोही महिनाको २९ गते गएको अर्को भूकम्पका कारण मुलुकमा अकल्पनीय रुपमा जनधनको क्षति हुन पुग्यो । भुकम्प र त्यस पछिका पराकम्पनका कारण सृजित असहज र असामान्य अवस्थाका कारण लोक सेवा आयोगका पूर्व निर्धारित कार्यक्रमहरु पनि प्रभावित भएका थिए ।

आयोगको मिति २०७२ वैशाख १३ गतेदेखि सञ्चालन हुने गरी तय गरिएका निजामती तर्फका राजपत्रांकित द्वितीय श्रेणी उपसचिव वा सो सरह (अप्राविधिक र प्राविधिक) पदहरु तथा नेपाल स्वास्थ्य सेवा तर्फ नवौं र एघारौं तहका विभिन्न पदहरुका अन्तर्वार्ताका कार्यक्रमहरु तथा आयोगबाट परीक्षा मिति निर्धारण भई सकेका नेपाल विविध सेवा, राजपत्रांकित द्वितीय श्रेणी, प्रमुख महिला विकास अधिकृत, नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, एयरपोर्ट इञ्जिनियर, एकीकृत तथा संयुक्त परीक्षा प्रणाली अनुसार राजपत्र अनंकित प्रथम श्रेणी, नायव सुब्बा वा सो सरह (अप्राविधिक), नायव सुब्बा वा सो सरह (प्राविधिक) नेपाल स्वास्थ्य सेवा तर्फ पाँचौ तह र राजपत्र अनंकित द्वितीय श्रेणी, संयुक्त र एकीकृत परीक्षा प्रणाली अनुसार राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो र सरह (अप्राविधिक) खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा तथा सो सरह प्राविधिक तर्फका र स्वास्थ्य तर्फका चौथो तहका लिखित परीक्षा कार्यक्रमहरु स्थगित गरी करिव एक महिना पछि सञ्चालन गरिएको थियो ।

परीक्षा केन्द्रहरु समेत निर्धारित भैसककेका उक्त पदहरुको परीक्षा स्थगित गरेर पुनः व्यवस्थापन गर्न आयोगलाई कठिन भएको थियो। आयोगको परीक्षा सञ्चालन गर्न आफ्नै छुट्टै भवन नरहेको, नायब सुब्बा पदको अप्राविधिक तर्फ परीक्षामा मुलुकभर करिब १ लाख परीक्षार्थीहरु रहेका, उक्त परीक्षा आयोगले विभिन्न विद्यालयहरुमा परीक्षा केन्द्र माग गरी सञ्चालन गर्ने गरेकोमा भूकम्पका कारण अधिकांश विद्यालयहरु भत्किएर परीक्षा सञ्चालन गर्न सुरक्षित नभएका कारणले थप समस्या सिर्जना भएको थियो ।

भूकम्पका कारण आयोगका भौतिक पूर्वाधारहरुमा समेत केही क्षति पुगेको छ। आयोगको अनामनगरस्थित केन्द्रीय कार्यालयको भवनका भित्ताहरु पनि चर्किएको अवस्थामा रहेको तथापि उक्त भवनमा बसेर काम गर्न सुरक्षित रहेको प्राविधिक परीक्षण पश्चात् जनाइएको छ । आयोगको मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरीको भवन पनि उक्त कारण बस्नका लागि असुरक्षित भएकोले उक्त निर्देशनालयलाई केन्द्रीय कार्यालयमा सारी अस्थायी व्यवस्थापन गरिएको छ।

**ख) आयोगका कर्मचारीहरुबाट राहत, उद्धार र पुनस्थापनामा सहयोग**

आयोगबाट आयोगका सचिव श्री विष्णुप्रसाद लम्साल, सहसचिवहरु तथा अन्य कर्मचारीहरु नेपाल सरकारले खटाए बमोजिम भूकम्पबाट प्रभावित विभिन्न जिल्लाहरुमा गई राहत, उद्धार र पुनर्स्थापना सम्बन्धी कार्यमा संलग्न रहनु भएको थियो । जसको विवरण देहायबमोजिम रहेको छ :

| क.सं. | खटिएका कर्मचारीहरुको विवरण | खटिएको जिल्ला |
|---|---|---|
| १ | सचिव श्री विष्णुप्रसाद लम्साल | रामेछाप |
| २ | सहसचिव श्री नारायणप्रसाद शर्मा दुवाडी | धादिङ |
| ३ | मुख्य मनोविज्ञानवेत्ता श्री खगेन्द्रप्रसाद सुवेदी | रामेछाप |
| ४ | क्षेत्रीय निर्देशक श्री महेन्द्र प्रसाद गुरागाईँ | सिन्धुपाल्चोक |
| ५ | शाखा अधिकृत श्री सूर्यप्रसाद सापकोटा | काभ्रेपलाञ्चोक |
| ६ | शाखा अधिकृत श्री दुर्गाप्रसाद पराजुली | काभ्रेपलाञ्चोक |
| ७ | शाखा अधिकृत श्री बाबुकृष्ण ढकाल | काभ्रेपलाञ्चोक |
| ८ | शाखा अधिकृत श्री दामोदर पौडेल | काभ्रेपलाञ्चोक |
| ९ | शाखा अधिकृत श्री कमल ज्ञवाली | काभ्रेपलाञ्चोक |
| १० | शाखा अधिकृत श्री अशोक कुमार महर्जन | काभ्रेपलाञ्चोक |
| ११ | शाखा अधिकृत श्री बालकुमार खतिवडा | काभ्रेपलाञ्चोक |
| १२ | शाखा अधिकृत श्री कृष्णकुमार श्रेष्ठ | काभ्रेपलाञ्चोक |
| १३ | शाखा अधिकृत श्री इन्द्रबहादुर श्रेष्ठ | काभ्रेपलाञ्चोक |
| १४ | शाखा अधिकृत श्री प्रकाश गुरुङ | काभ्रेपलाञ्चोक |
| १५ | शाखा अधिकृत श्री जयराम नेपाल | काभ्रेपलाञ्चोक |
| १६ | शाखा अधिकृत श्री पदमप्रसाद मैनाली | काभ्रेपलाञ्चोक |
| १७ | शाखा अधिकृत श्री रामकृष्ण अधिकारी | काभ्रेपलाञ्चोक |
| १८ | तथ्याङ्क अधिकृत श्री सञ्जय कुमार चौधरी | काभ्रेपलाञ्चोक |
| १९ | कम्प्युटर अधिकृत श्री गंगेश गुञ्जन झा | काभ्रेपलाञ्चोक |

यसका अतिरिक्त आयोगका सचिवको नेतृत्वमा मिति २०७२।१।२६ गते नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी समेतको कार्यटोलीले काठमाडौंस्थित नयाँ नैकाप नगरपालिकामा भूकम्पबाट भत्किएका घरहरुको जिर्णोद्धार हटाउने, सफा गर्ने, भत्किएर जोखिमपूर्ण अवस्थामा रहेको घरहरू भित्रबाट जनताका अत्यावश्यक सरसामान/बस्तुहरू बाहिर निकाल्ने कार्यमा सहयोग गरेको थियो ।

**ग) आयोगका पदाधिकारी तथा कर्मचारीहरुबाट राहत सहयोगमा योगदन**

भूकम्प पिडीतबाट प्रभावित नागरिकहरुको खोज, उद्धार तथा पुनर्स्थापनाका लागि राहत सहयोग स्वरुप आयोगका पदाधिकारी तथा कर्मचारीहरुबाट रु १६ लाख ८३ हजार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको छ । जसमा आयोगका माननीय अध्यक्ष तथा सदस्यहरुबाट एक महिना बराबरको तलब र अन्य कर्मचारीहरुबाट श्रेणी अनुसार नेपाल सरकारले तोके बमोजिम रकम राहत सहयोग वापत योगदान भएको छ ।

## "हेलो लोक सेवा आयोग" फेसबुक सेवा सञ्चालन




*("हेलो लोक सेवा आयोग" फेसबुक पेज)*

आयोग सम्बद्ध विषयमा नागरिकबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकारमा पर्न आएका तथा आयोगमा सिधै नागरिकहरुबाट प्राप्त जनगुनासो र सुझावहरुको सुनुवाई गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयबाट लेखि आए अनुसार मिति २०७२ जेठ ३२ देखि "हेलो लोकसेवा आयोग" फेसबुक सेवा सञ्चालनमा ल्याइएको छ । उक्त गुनासो व्यवस्थापन इकाइमा रही गुनासो सुन्ने अधिकारी (नोडल अधिकृत) को रुपमा कार्य गर्न सूचना तथा प्रकाशन शाखा प्रमुख उपसचिव श्री गिताकुमारी होमेगाईं र नोडल अधिकृतलाई सहयोग र सहायता गर्न सोही शाखाका शाखा अधिकृत श्री सूर्यप्रसाद सापकोटालाई तोकिएको छ ।

### आयोगको प्रवक्ता र सहायक प्रवक्ता तोकिएको

आयोग सम्बद्ध नीति, योजना, कार्यक्रम र तिनको कार्यान्वयनको प्रगति सम्बन्धी यथार्थ विवरण विभिन्न सञ्चार माध्यमका प्रतिनिधिलाई उपलब्ध गराउन वा गराउन सघाउ पुऱ्याउन, आयोग सम्बद्ध प्रेस विज्ञप्ती जारी गर्ने वा अन्य तरिकाबाट प्रचार प्रसार लगायत कार्य गर्न आयोगको तर्फबाट प्रवक्तामा कानून महाशाखाका प्रमुख सहसचिव श्री राजीव गौतम र सहायक प्रवक्तामा सूचना तथा प्रकाशन शाखा प्रमुख उपसचिव श्री गिताकुमारी होमेगाईंलाई तोकिएको छ ।

**आयोगका महत्वपूर्ण निर्णयहरु :**

- निजामती सेवा ऐन, २०४९ मा भएको तेस्रो संशोधन अनुसार दफा ७ को उपदफा (१) को देहाय (घ) को पदपूर्तिका आधार हरुमा राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदका लागि जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवातर्फ माग पदको १०% कायम हुने व्यवस्था रहेकोमा सो अनुसार निजामती सेवा नियमावली संशोधन हुन नसकेको र सो को लागि सम्भाव्य उम्मेदवारहरुको बढुवा क्षेत्र स्पष्ट नभएकोमा प्रतिशत निर्धारण गरी छुट्याइएका पदहरुको पदपूर्ति हुन नसकेको, वर्षेनी प्रतिशत निर्धारण गर्दा यसरी छुट्याएर राखेको पदहरुको व्यवस्थापन गर्न कठिनाई भएकोले यसरी बढुवा हुने पदसंख्याका लागि उम्मेदवार हरुको बढुवा क्षेत्र कायम गर्ने गरी निजमती सेवा नियमावलीमा संशोधन गर्न नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने गरी २०७२।१।७ मा निर्णय भएको ।
- आयोगबाट सञ्चालन भएका लिखित परीक्षाहरुका प्रश्नपत्रहरुमा प्रश्नपत्र वा उत्तर (बहुवैकल्पिक प्रश्नहरुको हकमा) गलत भएको, प्रश्नपत्र छपाइमा प्राविधिक गल्ती भएको लगायत विषयहरुमा आवश्यकतानुसार सम्बन्धित विज्ञहरु/दक्षहरुबाट छानविन गरी यकिन गराई शाखासँग सम्बन्धित माननीय सदस्यज्यूको निर्णयानुसार प्रश्नपत्र निर्माण गर्दा प्रश्न र उत्तरको स्रोत खुलाउनु पर्ने वस्तुगत प्रश्नपत्रहरुको मोडरेशन आवश्यकतानुसार दुई समूहबाट गराउने व्यवस्था गर्ने गरी मिति २०७२।२।७ मा निर्णय भएको ।
- देहायका उम्मेदवारहरुले लिखित परीक्षामा अनियमितता गरेको हुँदा निजहरुको परीक्षा रद्द गरी निजहरुलाई देहाय बमोजिमको अवधिसम्म आयोगबाट विज्ञापन भएको र आयोगबाट संचालन हुने कुनै पनि पदको परीक्षामा सम्मिलित हुन नपाउने गरी निलम्बन गर्ने गरी विभिन्न मितिमा निर्णय भएको ।

| क्र. सं. | विज्ञापन नं. | रोल नं. | परीक्षा केन्द्र | उम्मेदवारको नाम/ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम | निलम्बन शुरु हुने मिति | निलम्बन अवधि | अनियमित कार्यको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय अनुसन्धान विभाग तर्फ (अनुसन्धान सहायक) | | | | | | | निर्णय मिति : २०७२।१।२४ | | |
| १ | १/०७१-७२ | ८५७८ | काठमाडौं | गोपाल एरी, कम्दी-७, पदम्पुर, बाँके | शेरबहादुर/पार्वती | बुद्धी | २०७१।९।५ | ३ (तीन) वर्ष | चिट थान १ फेला परेको |
| २ | १/०७१-७२ | ८६८७ | काठमाडौं | ईश्वर फुयाल, स्यामा-६, दोलखा | रत्नबहादुर/मैया | प्रेम | २०७१।९।४ | ३ (तीन) वर्ष | आइ.क्यू.विषयको उत्तर पुस्तिका निरीक्षकलाई नबुझाई आफै लिई गएको |
| ३ | १/०७१-७२ | १४६९ | हेटौंडा | मुकेशकुमार गुप्ता, सुन्दरपुर चुर्छवा-९, सर्लाही | पारसनाथ/सविता | झकर | २०७१।९।५ | २ (दुई) वर्ष | निजले आफ्नो हातमा विभिन्न कुराहरु लेखेको अवस्थामा भेटिएको |
| नेपाल प्रहरी सेवा तर्फ (प्रहरी निरीक्षक) | | | | | | | निर्णय मिति : २०७२।१।२ | | |
| ४ | ०७१-७२ | ५०८८ | काठमाडौं | विकाश थापा, चैनपूर-८, चितवन | अम्वरबहादुर/ मनमाया | हंसबहादुर | २०७१।११।२९ | ३ (तीन) वर्ष | मोवाइल फोन प्रयोग गरी चिट चोरेको |
| नेपाल शिक्षा सेवा, प्रशासन समूह, निरीक्षण उपसमूह | | | | | | | निर्णय मिति : २०७२।२।७ | | |
| ५ | १७२८२-१७२८७/०७१-७२ | ४३०१९७ | दिपायल | श्री दौलत टमटा, रुपाल-२ डडेलधुरा | तीले / सुनादेवी | नन्दे | | ३(तीन) वर्ष | मोवाइल फोनको प्रयोग गरि चिट गरेको |
| नेपाल विविध सेवा, राजपत्रांकित तृतीय श्रेणी महिला विकास अधिकृत | | | | | | | निर्णय मिति : २०७२।२।२७ | | |
| ६ | १७२७१-१७२७३/०७१-७२ | १०००१४ | काठमाडौं | श्री चाँदनी विमल | भरत कुमार/शान्ता | देवशरण राय यादव | २०७१।१२।४ | २(दुई) वर्ष | चिट चोरेको |

- नेपालको अन्तरिम संविधान २०६९ को धारा १२६ को उपधारा (६) मा उल्लेख भए अनुसार कुनै सार्वजनिक संस्थाका सेवाका कर्मचारीको सेवाको शर्त सम्बन्धी प्रचलित कानून र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय सजाय गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगसँग परामर्श लिन चाहने संस्थाहरुको लागि आयोगबाट दिने परामर्शमा एकरुपता कायम गर्ने प्रयोजनको लागि त्यस्ता संस्थामा प्रदान गरिने परामर्शको सामान्य सिद्धान्त सम्बन्धी मस्यौदा तयार गर्न देहाय बमोजिमको एक कार्यदल गठन गर्ने गरी मिति २०७२।२।१ मा निर्णय भएको ।

  माननीय सदस्य डा. गोविन्द प्रसाद कुसुम - संयोजक
  माननीय सदस्य श्री अशोककुमार झा - सदस्य
  सचिव श्री विष्णुप्रसाद लम्साल - सदस्य
  सहसचिव श्री राजीव गौतम - सदस्य
  सहसचिव श्री खगेन्द्रप्रसाद सुवेदी - सदस्य-सचिव
- आयोगको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयबाट श्री उमेश दासलाई नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूह, चौथो तह, वैद्य पदमा मिति २०७१।८।६ मा आयुर्वेद विभागको माग अनुसार जिल्ला स्वास्थ्य केन्द्र तेह्रथुम वा सो अन्तर्गत नियुक्तिका लागि सिफारिश गरी पठाएकोमा निजलाई आयुर्वेद विभागले जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र भोजपुर वा सो अन्तर्गत रहने गरी माग भएको स्थानभन्दा अन्यत्र नियुक्ति दिएको कार्य लोक सेवा आयोगको सिद्धान्त विपरीत भएकोले अब उप्रान्त प्रतिशत निर्धारण गरी खुलाद्वारा पदपूर्तिको लागि कायम भएको पदमा अन्य कुनैपनि तरिकाले पदपूर्ति नगर्न नगराउन सम्बन्धित कार्यालय प्रमुखलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत ध्यानाकर्षण गराउने गरी मिति २०७२।२।१४ मा निर्णय भएको ।
- कर्मचारी छनौटलाई योग्यता, क्षमता प्रणालीमा आधारित गराई ठिक ठाउँमा ठिक उम्मेदवार छनौट गर्ने समयसापेक्ष विधिहरु अबलम्बन गर्दै जानुपर्ने देखिएको छ। कर्मचारी छनौटको सम्बन्धमा व्यवहारमा आधारित अन्तर्वार्ता, कार्यव्यवहारका निरीक्षण र psychometrics test सँगसँगै प्राविधिक सिप र ज्ञानको एकीकृत रुपमा परीक्षण गर्ने Assessment Center Methodology (ACM) लाई निजामती सेवाको माथिल्लो पदको लागि आयोगको परीक्षण प्रविधिको रुपमा आयोगले आवश्यकता र उपयुक्तताको आधारमा क्रमशः अवलम्बन गर्ने, सो को लागि दक्ष जनशक्ति तयार गर्न आयोगका पदाधिकारी, उच्च तहका कर्मचारी तथा बाह्य दक्ष विज्ञको सूची तयार गरी Basic देखि Advanced level को training, orientation तथा observation को व्यवस्था गर्ने, सो का लागि आवश्यक पूर्वाधार (Methodology development, Eqipment and other resources) को विकास गर्दै लैजाने सो बमोजिम आवश्यक तयारी पश्चात् २ वर्ष पछि उपल्लो तहको कर्मचारी छनौट गर्न कुनै एक सेवा, समूह, उपसमूहबाट क्रमशः आवश्यकता र उपयुक्तताको आधारमा ACM लाई कार्यान्वयनमा लैजाने गरी मिति २०७२।३।३ मा निर्णय भएको ।
- नेपाल विविध सेवा, राजपत्र अनंकित प्रथम श्रेणी कम्प्युटर टेक्निसियन पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम मिति २०७२।३।१८ देखि लागू गर्ने गरी मिति २०७२।३।१७ स्वीकृत गरिएको ।
- राजपत्र अनंकित (प्राविधिक) पदहरुको लागि लिइने लिखित परीक्षामा सोधिने प्रश्नपत्रहरु नेपाली र अंग्रेजी दुबै भाषामा सोधिने व्यवस्था गर्ने गरी मिति २०७२।३।१७ मा निर्णय भएको ।
- आर्थिक वर्ष २०७२/७३ को लागि आयोगबाट मातहतका क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरुका लागि निम्न अनुसार अधिकार प्रत्यायोजन गर्ने गरी मिति २०७२।३।२७ मा निर्णय भएको ।

| क्र.सं. | प्रत्यायोजित अधिकार | अधिकार प्रयोग गर्ने अधिकारी | सम्बन्धित कार्यालय |
|---|---|---|---|
| १ | नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह रा.प. तृतीय श्रेणीको विज्ञापनको लिखित परीक्षा सञ्चालन गर्ने | आयोगको सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगको सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| २ | शाखा अधिकृत, रा.प.तृतीय श्रेणी (अप्रा.) को प्रथम चरणको परीक्षा सञ्चालन गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशक तथा अञ्चल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालय एवं अञ्चल कार्यालयहरु |
| ३ | निजामती सेवा (व्यवस्थापिका-संसद सेवा समेत) भित्रका विभिन्न सेवाका सबै समूहका सम्बन्धित कार्यक्षेत्र भित्रका राजपत्र अनंकित प्रथम श्रेणीका पदहरुमा नियुक्तिको लागि उपयुक्तता परीक्षण गरी सिफारिश गर्ने | आयोगको सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगको सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| ४ | रा.प. अनं. प्रथम श्रेणी (अप्रा.) को लिखित परीक्षा सञ्चालन गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशक तथा अञ्चल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशनालय एवं अञ्चल कार्यालयहरु |
| ५ | नेपाल स्वास्थ्य सेवाका सबै समूह, उपसमूहका सम्बन्धित कार्यक्षेत्र भित्रका सहायक पाँचौ तहका प्राविधिक पदहरुमा नियुक्तिको लागि उपयुक्तता परीक्षण गरी सिफारिश गर्ने | आयोगको सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगको सम्बन्धित क्षेत्रीय निर्देशनालयहरु |
| ६ | निजामती सेवा भित्रका विभिन्न सेवा, समूहका सम्बन्धित कार्यक्षेत्रभित्रका राजपत्र अनंकित द्वितीय श्रेणीसम्मका र नेपाल स्वास्थ्य सेवाका सबै समूह, उपसमूहका सहायक चौथो तहसम्मका प्राविधिक पदहरुमा नियुक्तिको लागि उपयुक्तता परीक्षण गरी सिफारिश गर्ने | आयोगका सम्बन्धित अञ्चल कार्यालय प्रमुखहरु | आयोगका सम्बन्धित अञ्चल कार्यालयहरु |
| ७ | टाइपिष्ट वर्गीकरण योजना २०३८ अनुसार निजामती सेवा भित्रका टाइपिष्टहरुको सवै श्रेणीका (रा.प.अनं प्रथम श्रेणीसम्मका) टाइपिष्टहरुको उपयुक्तता परीक्षण गरी बढुवा सिफारिश गर्ने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशक तथा अञ्चल कार्यालय प्रमुखहरु | आयोगका क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरु |
| ८ | आयोगबाट स्थायी पदपूर्तिका लागि अधिकार प्रत्यायोजन भएका पदहरुमा सम्बन्धित सेवा सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिम छुटै योग्यताक्रमको सूची प्रकाशित गरी सोही सूचीबाट रिक्त पदमा अस्थायी पदपूर्ति गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने र प्रचलित कानून बमोजिम म्याद थप गर्न सहमति दिने | आयोगका सम्बन्धित क्षेत्रीय निर्देशक तथा अञ्चल कार्यालय प्रमुखहरु | आयोगका क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरु |
| ९ | आयोगले प्रारम्भिक परीक्षा हुने भनी तोकिएका रा.प.तृतीय (अप्राविधिक) श्रेणीका पदको मूल परीक्षा र प्रारम्भिक परीक्षाको लिखित परीक्षा सञ्चालन गर्ने | आयोगको सम्बन्धित क्षेत्रीय निर्देशकहरु | आयोगको सम्बन्धित क्षेत्रीय निर्देशनालयहरुः |
| १० | आयोगको क्षेत्रीय निर्देशनालय र अञ्चल कार्यालयले आफ्नो क्षेत्राधिकार भित्र रही निरीक्षण गर्ने | - | आयोगका क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयहरु |

- लोक सेवा आयोगको परीक्षा तयारीका लागि विभिन्न निजी संस्थाहरुले तयारी कक्षाहरुको आयोजना गर्ने गरेको, सो मा नेपाल सरकारका निकायमा कार्यरत कर्मचारीहरुले पनि प्रशिक्षकको रुपमा तयारी कक्षाहरु लिने गरेको पाइन्छ। तर निजामती सेवा ऐन चौथो संशोधन २०७२ अनुसार तयारी कक्षामा कर्मचारीहरुले पढाउन नपाउने व्यवस्था गरेको साथै आयोगका काम कारवाहीमा समेत त्यस्ता कर्मचारीहरुको विज्ञता प्रयोग हुने भएकोले दोहोरो संलग्नता रहन सक्ने अवस्थाको अन्त्य गरी आयोगले कायम राखेको गुणतन्त्रलाई जिवितै राखिरहन आयोगबाट मिति २०७२।३।३१ मा देहाय बमोजिम निर्णय भएको :
  - लोक सेवा आयोगका तयारी कक्षाहरु सञ्चालन गर्ने नीजि संस्थाहरुबाट उक्त संस्थामा प्रशिक्षण दिने व्यक्तिहरुको नामावली संकलन गर्ने,
  - आयोगका दक्ष/विज्ञहरुलाई अन्यत्र तयारी कक्षाहरुको प्रशिक्षणमा संलग्न रहे/नरहेको विषयमा स्वघोषणा गर्न लगाउने ।
  - निजामती सेवा (चौथो संशोधन) ऐन, २०७२ को दफा ४९.क.३ बमोजिमका तयारी कक्षामा संलग्न रहेका निजामती कर्मचारीको विवरण पठाइदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

## आयोगमा/आयोगबाट कर्मचारीहरुको सरुवा/काज/पदस्थापना सम्बन्धी विवरण

### अन्य निकायबाट आयोग/आयोग अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम | सरुवा गर्ने निकाय | पदस्थापना गरिएको निकाय | निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | उपसचिव | श्री सरिताकुमारी खतिवडा | सामान्य प्रशासन मन्त्रालय | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | २०७२।१।६ |
| २ | उपसचिव | श्री शिवकुमार कार्की | सामान्य प्रशासन मन्त्रालय | मेची अञ्चल कार्यालय, इलाम | २०७२।१।३० |
| ३ | उपसचिव | श्री गणेशप्रसाद पौडेल | सामान्य प्रशासन मन्त्रालय | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | २०७२।२।४ |
| ४ | उपसचिव | श्री तेजप्रसाद पन्थी | सामान्य प्रशासन मन्त्रालय | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | २०७२।२।४ |
| ५ | लेखा अधिकृत | श्री राजकुमार श्रेष्ठ | महालेखा नियन्त्रक कार्यालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२।३।६ |
| ६ | शाखा अधिकृत | श्री भोला दाहाल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२।३।१८ |
| ७ | शाखा अधिकृत | श्री अनिलराज शर्मा | सामान्य प्रशासन मन्त्रालय | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | २०७२।३।७ |
| ८ | शाखा अधिकृत | श्री निलकण्ठ शर्मा | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२।३।१८ |
| ९ | कम्प्युटर अपरेटर | श्री खडानन्द पौडेल | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२।३।१८ |
| १० | कम्प्युटर अपरेटर | श्री शुप्रतित श्रेष्ठ | सामान्य प्रशासन मन्त्रालय | केन्द्रीय कार्यालय, अनामनगर | २०७२।३।१८ |

## आयोगका पदाधिकारी/कर्मचारीहरुबाट स्वदेश तथा विदेश भ्रमण

- माननीय सदस्य श्री अशोककुमार झाबाट मिति २०७२।१।१ देखि २०७२।१।६ सम्म धनकुटा र २०७२।१।११ देखि २०७२।१।१४ सम्म तेह्रथुममा कार्यालय निरीक्षण भ्रमण ।
- माननीय सदस्य श्री ब्रह्मदेव रायबाट मिति २०७२।२।२ देखि २०७२।२।९ सम्म जलेश्वर र हेटौंडामा कार्यालय निरीक्षण भ्रमण ।
- माननीय सदस्य श्री कृष्णचन्द्र झाबाट मिति २०७२।१।९ देखि २०७२।१।२१ सम्म जलेश्वर, मिति २०७२।१।२८ देखि २०७२।२।५ सम्म चितवन र मिति २०७२।२।२७ देखि २०७२।२।३० सम्म जलेश्वर र विराटनगरमा कार्यालय निरीक्षण भ्रमण ।

## तालिम/ गोष्ठी

यस अवधिमा आयोग अन्तर्गत कार्यरत कर्मचारीहरुले देहाय बमोजिम तालिममा भाग लिनु भएको छ ।

| क्र.सं. | कर्मचारीको पद र नाम | तालिम/गोष्ठीको विषय | अवधि | तालिम/गोष्ठी प्रदायक संस्था |
|---|---|---|---|---|
| १ | सहसचिव श्री केदारनाथ शर्मा | Learning Organization & Knowledge Management | २०७२।३।९ देखि २०७२।३।११ सम्म | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान |
| २ | मुख्य मनोविज्ञानवेत्ता श्री खगेन्द्रप्रसाद सुवेदी | | | |
| ३ | टा.ना.सु. श्री कल्याणी सिंह | कार्यालय व्यवस्थापन | २०७२।१।७ देखि ३० कार्यदिन | कर्मचारी प्रशिक्षण प्रतिष्ठान |
| ४ | टा.ना.सु. श्री रामकुमारी श्रेष्ठ | | | |

## समवेदना

- आयोगको केन्द्रीय कार्यालय, अनामनगरमा कार्यरत उपसचिव श्री कोमलप्रसाद आचार्यका पिता श्री दुर्गादत्त आचार्यको मिति २०७२ साल वैशाख २६ गते भएको असामयिक निधन प्रति ।
- आयोगको केन्द्रीय कार्यालय, अनामनगरमा कार्यरत नायब सुब्बा श्री सिविता रन्जितका पति श्री कृष्णराम श्रेष्ठको मिति २०७२ साल जेठ २२ गते भएको असामयिक निधन प्रति ।
- आयोगको राप्ती अञ्चल कार्यालय, दाङका निर्देशक श्री ताराप्रसाद भट्टराईकी ममतामयी माता श्री लिलाकुमारी भट्टराईको मिति २०७२ जेठ २८ गते भएको असामयिक निधन प्रति ।
- आयोगका माननीय सदस्य श्री कृष्णचन्द्र झाका पिता पण्डित बलभद्र झाको मिति २०७२ असार १८ गते भएको असामयिक निधन प्रति ।
- आयोगको केन्द्रीय कार्यालयमा कार्यरत टाइपिष्ट नायब सुब्बा श्री कल्याणी सिंहका पति श्री रमेशकुमार सिंहको मिति २०७२ साल असार २४ गते भएको असामयिक निधन प्रति

## आ.व. २०७१/७२ को चौथो त्रैमासिक अवधिको कार्यसम्पादन स्थिति (२०७२ वैशाख देखि असार मसान्त )

### १. विज्ञापन, दरखास्त संकलन, लिखित परीक्षा सञ्चालन, लिखित परीक्षाको नतिजा, अन्तर्वार्ता एवं सिफारिश सम्बन्धी विवरण

| श्रेणी/तह | विज्ञापित पद संख्या | | संकलन भएका दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवार संख्या | | | सिफारिश भएका उम्मेदवार संख्या | | | सिफारिश भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| राजपत्रांकित प्रथम/एघारौं | - | - | - | - | - | - | - | १२ | १४ | २६ | ६ | ५ | ११ | - | - | - |
| राजपत्रांकित द्वितीय/नवौं | - | - | - | - | - | - | - | ३२ | ३५ | ६७ | २८ | ९३ | १२१ | - | - | - |
| रा.प.तृतीय/ सातौ र आठौं | - | - | - | - | - | - | - | ७३ | ३०३ | ३७६ | | | | - | - | - |
| रा.प.अनं प्रथम/पाचौं | - | - | - | - | ३४८१६ | ५०७५४ | ८५५७० | - | - | - | - | - | - | - | - | - |
| रा.प.अनं द्वितीय/चौथो | - | - | १४०९४ | ७५३०७ | ६०५२८ | ४७६४९ | १०८१७७ | - | - | - | - | - | - | १ | २ | ३ |
| जम्मा | - | - | १४०९४ | ७५३०७ | ९५३४४ | ९८४०३ | १९३७४७ | ११७ | ३५२ | ४६९ | ३४ | ९८ | १३२ | १ | २ | ३ |

### २. परामर्श सम्बन्धी विवरण

| श्रेणी | विभागीय सजायको लागि परामर्श पठाइएको संख्या |
|---|---|
| रा.प.प्रथम | – |
| रा.प.द्वितीय | ११ |
| रा.प.तृतीय | ४ |
| रा.प.अनं.प्रथम | ९ |
| रा.प.अनं.द्वितीय | २ |
| श्रेणी विहीन | २ |
| जम्मा | २८ |

### ३. कुल बजेट खर्च रकम

| क्र.सं. | खर्च शीर्षक | रकम (रु. मा) |
|---|---|---|
| १ | चालु खर्च | ४,१६,४३,९२५।१० |
| २ | पूँजीगत खर्च | ८०,४९,८१५।०० |
| | **जम्मा** | ४,९६,९३,७४०।१० |

# अन्तर्वार्ता:

## राजपत्रांकित द्वितीय श्रेणी उपसचिव पदको प्रतिस्पर्धात्मक परीक्षामा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको खुलातर्फ प्रथम स्थानमा सिफारिश हुनुभएका उम्मेदवार श्री देवराज जोशी र लेखा समूहको महिला तर्फ सिफारिश हुनु भएका उम्मेदवार श्री मिठु थापासँग परीक्षा लगायतका सम्वद्ध विषयमा लिइएको अन्तर्वार्ता :


श्री देवराज जोशी


श्री मिठु थापा

१. **निजामती सेवा अन्तर्गत नेपाल प्रशासन सेवाको प्रशासन/लेखा समूहको राजपत्रांकित द्वितीय श्रेणी खुला प्रतियोगितात्मक लिखित परीक्षामा विभिन्न चरणबाट सफल भई नियुक्तिको लागि सिफारिश हुनु भएकोमा यहाँलाई बधाई छ। यहाँको सरकारी तथा निजामती सेवामा प्रवेश गरेदेखि हालसम्मको अनुभव संक्षेपमा बताइदिनुहोस्।**

*देवराज जोशी* ☞ धन्यवाद ! निजामती सेवा अन्तर्गत नेपाल प्रशासन सेवाको सामान्य प्रशासन समूह खुला तर्फको उपसचिव पदमा प्रथम स्थान प्राप्त गर्न सफल भएकोमा खुसी लागेको छ । म निजामती सेवामा प्रवेश गरेको करिब आठ महिना मात्र भएको छ। निजामती सेवाको विश्लेषणको लागि यो अवधि ज्यादै छोटो भएपनि मैले यो सेवामा जनताको सामिप्यमा रही देशको सेवा गर्न पाउने व्यापक अवसर देखेको छु। देश र जनताको माया भएको सबै राष्ट्रसेवकको रुपमा प्रत्यक्ष जनसेवा प्रवाहद्वारा आत्मगौरव वृद्धि र छुट्टै पहिचान निर्माण हुनुको साथै समाज सेवामार्फत् उत्प्रेरणाको स्तर अन्य सेवा भन्दा उच्च रहने मेरो विश्वास रहेको छ।

*मिठु थापा* ☞ सर्वप्रथम सम्मानित लोक सेवा आयोगले मलाई यो अवसर दिएकोमा धन्यवाद दिन्छु। निजामती सेवामा म मिति २०४९ मङ्सिर १ गतेदेखि सहलेखापालको रुपमा प्रवेश गरें। सो पदमा मलाई कोष तथा लेखा नियन्त्रकको कार्यालय धादिङ, महालेखा नियन्त्रकको कार्यालय र रक्षा लेखा नियन्त्रकको कार्यालयमा रही काम गर्ने अवसर मिल्यो । २०६३ मा शाखा अधिकृत भए पछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र छोटो समय जिल्ला निर्वाचन कार्यालय रसुवामा गरी करिब नौ वर्ष यो पदमा सेवारत रहें। हाल मिति २०७२ असार १० गते देखि नेपाल प्रशासन सेवा, लेखा समूहको राजपत्रांकित द्वितीय श्रेणीमा नियुक्ति लिई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना परियोजना, ललितपुरमा कार्यरत छु।

२. **लोक सेवा आयोगको पाठ्यक्रम र सेवा प्रवाहको क्रममा आइ पर्ने कार्यबीचमा के कस्तो तादाम्यता भएको पाउनु हुन्छ ? यसमा के कस्ता सुधारको अपेक्षा राख्न सकिन्छ ?**

*देवराज जोशी* ☞ लोक सेवा आयोगको उपसचिब (अप्राविधिक) को वर्तमान पाठ्यक्रम हेर्दा यसले नीतिगत तथा सैद्धान्तिक पक्षको ज्ञानलाई बढी ध्यान दिएको जस्तो देखिए पनि परीक्षाको प्रश्न र अपेक्षित समाधान भने बढी व्यावहारिक र विद्यमान समस्या समाधानमुलक नै देखिन्छ। सार्वजनिक प्रशासनको समग्र पक्षको सैद्धान्तिक र व्यवहारिक ज्ञान राम्रो भएको व्यक्तिले सेवा प्रवाह पनि राम्रो गर्छ भन्ने योग्यता प्रणालीको मान्यता पनि हो। यद्यपी हाम्रो सन्दर्भमा परीक्षार्थीले परीक्षाको सन्दर्भमा अध्ययन गरेका विषयवस्तुहरु कार्यस्थलमा पदस्थापन पश्चात् ध्यान नदिने वा काम गर्दा पुराने शैली प्रयोग गर्ने तर कुरा आदर्शका बढी गर्ने चलन छ भन्ने सुनेको छु। यो समस्या समाधानको लागि कर्मचारीमा रहेको विविधताले ठूलो चुनौती सिर्जना गरेको छ । सोच र संस्कृतिको विभिन्नताले केहि गर्ने खोज्ने भन्दा पनि यथास्थितिमा मक्ख पर्नेको बाहुल्यता निराकरणको लागि नियमित अभिमुखीकरण, तालिम र सबैमा प्रभावकारी संचार गर्नुपर्ने देखिन्छ जुन लोक सेवा आयोगले सिफारिश गरे पश्चात् सम्बन्धित मन्त्रालयले तुरुन्तै र नियमित रुपमा गर्नु पर्ने देखिन्छ । कर्मचारीले पनि कुनै काम गर्दा पुराना अभ्यासहरु लाई हुबहु पालना गर्नु भन्दा किन र के आधारमा यो गरिएको भन्ने प्रश्नद्वारा सिर्जनशील र नौलो समाधान निकाल्ने बारेमा सोच्नु जरुरी छ । यसबाहेक सेवा प्रवाहमा रहेको प्रमुख समस्या भनेको कर्मचारीले सेवा प्रवाहको लामो कानूनी प्रक्रिया अपनाउनुपर्ने, तर जनताले त्यो कानुनी प्रक्रिया हो भनि बुझ्ने भन्दा पनि दुख दियो भनेर बुझ्ने गरेको पाईन्छ। जसको लागि व्यापक जनचेतना र कानूनी सरलीकरणका उपाय अवलम्बन गर्नु आवश्यक छ।

*मिठु थापा* ☞ आयोगको वर्तमान पाठ्यक्रम अलि बढी सैद्धान्तिक छ । सैद्धान्तिक पक्ष र व्यावहारिक (कार्यस्थलमा मेल खाने) पक्ष मिलेजस्तो लाग्दैन । हालको पाठ्यक्रममा दुवै पक्षलाई संयोजन गरी कामलाई सहयोग पुग्ने गराई बढी भन्दा बढी व्यावहारिक बनाउनु पर्दछ । लोकसेवाको परीक्षा उत्तीर्ण गरेपछि कामको प्रकृति अनुरुप कुनै Orientation वा तालिम बिना पदस्थापन गरिँदा नयाँ कार्यालयमा सुरुका दिनहरुमा काम गर्न कठिनाई देखिएको छ। आयोगको जुनसुकै पद वा सेवामा उत्तीर्ण भै नियुक्ति लिएपछि काम सम्बन्धी पर्याप्त तालिम दिएर मात्रै पदस्थापना गरिनु पर्दछ भन्ने मलाई लाग्दछ।

३. **निजामती सेवाप्रतिको आकर्षणलाई अझै बढाउन आयोग, सरकार र अन्य पक्षले के कस्तो रणनीति अख्तियार गर्नुपर्ने देख्नुहुन्छ ?**

*देवराज जोशी* ☞ निजामती सेवालाई बौद्धिक वर्गको प्रथम रोजाईको

सेवा बनाउन तर्फ सबै (आयोग, सरकार र अन्य पक्ष) लाग्नु पर्ने देखिन्छ । यसको लागि सम्भावित व्यक्ति पहिचानमा तथा प्रवेश गरी सकेकालाई धारण (Retention) गरि राख्ने रणनीति तर्जुमा गर्नुपर्ने देखिन्छ । अहिलेको पुस्तालाई निजामती सेवाप्रति आकर्षित गर्न देशको विभिन्न भागमा सेवा आकर्षणका प्रवर्द्धनात्मक कार्यक्रमहरु मार्फत यो सेवा भित्रका अवसरहरुको जानकारी दिनु आवश्यक छ । हाल Recruitment मा भन्दा राम्रो कार्य सम्बन्ध सुधार, दण्ड र पुरस्कार तथा उत्कृस्ट कर्मचारी पहिचान मार्फत् Retention मा बढी जोड दिनु पर्ने देखिन्छ। अर्को महत्वपूर्ण पक्ष भनेको तलब हो । निजामती सेवामा प्रवेश गरिसकेको कुनै पनि कर्मचारीले बजारको तुलनामा राम्रो तलबको व्यवस्था हुने हो भने नीति निर्माण तथा कार्यान्वयनमा देखिएको आफै उत्प्रेरणा खोज्ने प्रवृति समेत अन्त्य हुने देखिन्छ । यसको साथै विद्यमान कर्मचारीहरुलाई सम्बन्धित क्षेत्रका best practices सम्बन्धी अध्ययन तथा तालिम प्रदान नियमित रुपमा गरी क्षमतावान बनाई राख्न रणनीति तर्जुमा गर्नु पर्दछ ।

*मिठु थापा* ☞ मुलुकको समग्र प्रशासन सञ्चालन र व्यवस्थापनको मूलभूत जिम्मेवारी रहेको निजामती सेवाप्रतिको आकर्षणलाई बढाउन आयोग, सरकार र अन्य पक्षले देहायको रणनीति अवलम्बन गर्नु राम्रो हुनेछ :

**लोक सेवा आयोगले अवलम्बन गर्नुपर्ने रणनीति :**

- पाठ्यक्रममा थप सुधार गरी बढी व्यावहारिक/वैज्ञानिक बनाउने,
- समावेशीकरणलाई लक्षित वर्गसम्म पुऱ्याई सशक्तिकरणमा जोड दिने,
- परीक्षा प्रणालीमा सुधार गर्ने र उम्मेदवारहरुको जिल्ला पायक पर्ने स्थानमा परीक्षाहरु संचालन गर्ने,
- परीक्षण प्रणालीलाई विश्वासिलो बनाउने,
- Positive Recruitment लाई जोड दिने,
- आयोगका काम कारवाही, कार्यपद्दती लगायतका विषयमा कलेजहरुसँग समेत समन्वय गरी व्यापक प्रचार प्रसार गर्ने ,
- आयोगलाई राजनीतिबाट मुक्त राख्ने,
- अध्ययन, अनुसन्धान र खोज कार्यमा जोड दिने ।

**सरकारी पक्षबाट**

- तलब सुविधाहरुलाई थप आकर्षक बनाउने,
- वृत्तिविकासको सुनिश्चितता गरी यसलाई फराकिलो बनाउने,
- बढुवा प्रणालीको अनिश्चितताको अन्त्य गरी व्यवस्थित र अनुमान योग्य बनाउने,
- ट्रेड युनियनको निर्वाचन गरी व्यवस्थापन गर्ने र सहायक स्तरमा मात्र सीमित राख्ने,
- स्वच्छ, निष्पक्ष र पारदर्शी व्यावहार गर्ने र
- व्यक्तिबाट नभै प्रणालीबाट परिचालन हुने अवस्था कायम गर्ने ।

**अन्य पक्ष**

निजामती सेवाप्रतिको आकर्षण बढाउन कर्मचारीले इमान्दारिता, नैतिकता, पारदर्शिता र जवाफदेहिता, व्यवसायिकतालाई व्यवहारमा उतार्न सक्नु पर्दछ। मिडिया र नागरिक समाजको सकारात्मक भूमिकाको पनि उत्तिकै आवश्यकता पर्दछ ।

**४. निजामती सेवा विशिष्टीकरणका लागि विभिन्न सेवा, समूहमा समूहीकरण, क्लष्टर गर्ने व्यवस्थाबाट पर्ने सकारात्मक र नकारात्मक प्रभावहरुको बारेमा प्रकाश पारिदिनुहोस् ।**

*देवराज जोशी* ☞ निजामती सेवाको कामको विशिष्टिकरणद्वारा लक्षित सेवाग्राही वर्गले लाभ लिने र सार्वजनिक प्रशासनको उद्देश्य प्राप्तिमा थप योगदान पुग्ने गरी समूहीकरण, क्लष्टर गरिनु पर्दछ। यसको साथै सेवा प्रवेश गरेको कर्मचारीको Career Predictable होस् भन्ने पनि अर्को उद्देश्य हो । यति हुँदाहुँदै पनि यसले सार्वजनिक प्रशासनलाई यसले नतिजा के दियो भन्ने कुरा अनुसन्धान गरिनु पर्दछ । कसैको वृत्तिविकास मात्रै राज्यले प्राप्त गर्न खोजेको उपलब्धि होइन । तसर्थ यी दुवै उद्देश्य प्राप्त भयो वा भएन भन्ने दृष्टिकोणबाट यसका कारण र प्रभाव विश्लेषण को आधारमा निजामती सेवाको विशिष्टीकरणका लागि सेवा, समूहमा गरिएको समूहीकरणलाई मुल्याङ्कन गरिनु पर्दछ । यसबाट कसैले बढी लाभ प्राप्त गर्ने वा कोहि संकुचित भएको महशुस गर्नु हुँदैन, यसमा win win situation खोज्ने प्रशस्त सम्भावना देख्दछु।

*मिठु थापा* ☞ निजामती सेवा जनतालाई सेवा प्रवाह गर्ने प्रमुख संयन्त्र हो । सार्वजनिक सेवालाइ बढी चुस्त, दुरुस्त र प्रभावकारी बनाउन विभिन्न सेवा, समूहमा विभाजन गरिएको छ । यसका आ-आफ्नै सकारात्मक र नकारात्मक प्रभावहरु छन । जस्तै :

**सकारात्मक पक्ष**

- पेशागत विशेषज्ञतामा सहयोग पुग्ने,
- अन्तरसेवा प्रतिस्पर्धा गर्न पाइने प्रावधानले योग्यता र क्षमता भएकाले आफूलाई अनुकूल हुने सेवामा प्रतिस्पर्धा गर्न पाउने,
- प्राविधिक कर्मचारी प्रशासनमा र प्रशासनको कर्मचारी प्राविधिक प्रकृतिका मन्त्रालयमा काम गर्ने प्रवृतिको अन्त्य हुन्छ,
- व्यवसायिकताको विकास हुने,
- सचिव बढुवाको विवाद केहि हदसम्म समाधान हुने,
- वृत्ति विकास अनुमान योग्य हुने,
- कर्मचारीहरुको लामो अनुभवको उपयोग हुने,
- संगठनप्रति अपनत्व र विश्वास बढेर जाने ।

**नकारात्मक पक्ष**

- सबै सेवा, समूहमा बढुवा अवसर र दरबन्दी संरचना समान नभएकाले असन्तुष्टि यथावत रहने,
- सेवागत विशिष्टिकरण भने पनि वन सेवाको कर्मचारी कृषि तथा

कृषिको विज्ञ वन मन्त्रालयको सचिव हुने सम्भावनाले Right man in right place भन्ने रहँदैन,

- Clustering गर्दाको आधार र मापदण्ड स्पष्ट छैनन्,
- राजपत्रांकित द्वितीय श्रेणीसम्म आन्तरिक प्रतियोगितामा प्रतिस्पर्धा गर्न पाउने तर प्रथम श्रेणीमा नपाउने कारण प्रष्ट छैन,
- एउटै सेवा, समूहमा लगातार काम गर्दा नैराश्यता उत्पन्न हुन सक्ने ।

**५. लोक सेवा आयोगले के कस्ता सेवा गर्दै आएको पाउनु हुन्छ ? यसलाई थप प्रभावकारी बनाउँदै जान के गर्नुपर्ने देख्नुहुन्छ ?**

*देवराज जोशी* ☞ निश्चय नै लोक सेवा आयोगले संविधान प्रदत्त कर्तव्य निर्वाहमा Role Model को भूमिका खेलेको छ । पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, नतिजा प्रकाशन, अन्तर्वार्ता र सिफारिशमा मुख्य भूमिकाको साथै मानव संशाधन व्यवस्थापनका पक्षहरुको शर्त, सिद्धान्त र उपयुक्तताको सम्बन्धमा परामर्श प्रदान गर्दै आएको पाईन्छ । थप सुधार गर्नको लागि बजारका उत्कृष्टलाई आकर्षण गर्ने तर्फ आफ्ना गतिविधिहरु केन्द्रीत गर्नुपर्ने देखिन्छ । जसको लागि रणनीतिक योजना बनाई अघि बढ्नु पर्ने देखिन्छ । सकेसम्म ५/५ वर्षमा पाठ्यक्रम परिमार्जन गर्नु पर्दछ । परीक्षार्थीहरुको लागि अधिकतम सहभागी सीमा (Maximum Attempt Limit) जस्तै ४ पटक तोक्नु सान्दर्भिक देख्दछु । यसले गर्दा हाल वर्षौं घोकेर पास हुने भन्दा फरक र लोक सेवाले लक्षित गरेको व्यक्तिहरुले प्रवेश पाउने छन् । यसको साथै राजपत्रांकित द्वितीय र प्रथम श्रेणीमा खुला र आन्तरिक प्रतियोगिताको विषयवस्तु र प्रश्नपद्धति फरक गर्नु पर्दछ । अर्कोतर्फ एकपटक मात्र आरक्षण दिने, विज्ञहरुको रोस्टर छनौट नीति व्यवस्थित गर्ने र परीक्षार्थीको Score सहित योग्यताक्रम तोक्ने गरेमा थप प्रभावकारी हुने देख्दछु ।

*मिठु थापा* ☞ लोक सेवा आयोगले संविधानको मर्म र भावना अनुसार निजामती सेवामा योग्य, सक्षम व्यक्तिको छनौट गर्ने परीक्षा सञ्चालन मुख्य कार्य हो । साथै यसले निम्न सेवाहरु पनि गर्दै आएको छ ।

- परामर्श दिने काम
- वढुवा गुनासो सुनुवाई गर्ने
- सुरक्षा निकाय र संस्थानको परीक्षामा सहभागिता आदि ।

**आयोगको प्रभावकारीताका लागि निम्न काम गर्नुपर्ने देखिन्छ ।**

- संस्थागत क्षमता सुदृढीकरण गर्ने,
- प्रादेशिक स्तरसम्मको आयोगको काम, कर्तव्य र अधिकारबारे संविधानमा नै स्पष्ट व्यवस्था गर्ने,
- अधिकृतस्तरका सबै उत्तरपुस्तिका परीक्षण आयोगका कार्यालयमा मात्र हुने गरी व्यवस्था मिलाउने,
- समयमै नतिजा प्रकाशन गर्ने,
- सूचनामा सबैको पहुँच पुऱ्याउन रेडियो र टि.भि.बाट व्यापक रुपमा प्रचार प्रचार गर्ने,
- पिछडिएको क्षेत्र तथा दुर्गम क्षेत्रमा परीक्षा केन्द्र राख्ने,
- आन्तरिक प्रतियोगिता र खुला प्रतियोगिताको पाठ्यक्रम फरक फरक बनाउने, आन्तरिकमा व्यवहारिक र खुलामा सैद्धान्तिक पाठ्यक्रम राख्ने,
- परीक्षार्थीले लिखित परीक्षा र अन्तर्वार्तामा पाएको अंक निजले मागेको अवस्थामा उपलब्ध गराउने,
- अन्तर्वार्ताको भार बढाउने तर Gap कम गर्ने,
- अध्ययन, अनुसन्धान तथा खोजमा जोड दिने ।

**६. अन्त्यमा आयोग र आयोगका विज्ञापनहरुमा परीक्षा दिन चाहने परीक्षार्थीहरुको लागि अरु केही सुझाव भए बताइदिनुहोस् ।**

*देवराज जोशी* ☞ लोक सेवा आयोगले नियमित रुपमा गरिरहको कार्य नै प्रशंसनीय छ । यसले गरेको कार्यहरु सबैको लागि विश्वसनीय र योग्यताको आधारमा केहि गर्ने सोच राख्ने सबैको लागि आशा भरोसाको केन्द्रबिन्दुको रुपमा रहेको छ । हालको भन्दा बढी सूचनाप्रविधि मैत्री, नियमित रुपमा सुधारोन्मुख, अनुसन्धानमुखी भई असफल परीक्षार्थीहरुलाई मागको आधारमा निश्चित शुल्क लिई मुख्य कमजोरी के रह्यो त्यसको पृष्ठपोषण दिन सकेमा अझ प्रभावकारी हुने देखिन्छ । परीक्षार्थीहरुले आफ्नो निश्चित उद्देश्य किटान गरी सकारात्मक सोच राखी निरन्तर प्रयास गरेमा सफल हुन सकिन्छ । यसको साथै अध्ययन भनेको परीक्षा पास गर्नको लागि भन्दा यसलाई आफ्नो क्षमता विकासको लगानीको रुपमा लिइ अगाडी बढ्नु उचित हुन्छ । साथै पढ्नु, लेख्नु र बुझ्नु फरक-फरक कुरा हुन् र यी तीनैको सम्मिश्रणमा सुधारबाट सफल हुन सकिन्छ ।

*मिठु थापा* ☞ मेरो अनुभवमा कोही पनि व्यक्ति निरन्तरको अभ्यास, लगनशीलता र अध्ययनबाट मात्र सफल हुन सक्दछ । तसर्थ परीक्षाको समयमा मात्र रात दिन अध्ययन गर्ने र बाँकी समयमा अध्ययन नै नगर्ने बानी त्याग्नु पर्दछ । लक्ष्य किटान गरी त्यसका लागि पहल गरेमा अवश्य सफल हुन सकिन्छ । आयोग हाम्रो आस्था र भरोसाको केन्द्रबिन्दु हो । हालसम्म यसले जुन विश्वसनीयता, निष्पक्षता र तटस्थता कायम गरी जनताको विश्वास जित्न सफल भएको छ त्यो विश्वासलाई सधै कायम राख्न सकोस् र सधै सम्मानित बनोस् । आयोगको विश्वसनियता र प्रभावकारीता प्रवर्द्धनमा सहयोग गर्नु हामी सबै सरोकारवालाको दायित्व पनि हो ।

सूचनामूलक लेख

## आयोगको सूचना तथा प्रकाशन शाखाका उप सचिव श्री गीताकुमारी होमेगाईं र शाखा अधिकृत श्री सूर्यप्रसाद सापकोटाले लोक सेवा आयोगको विज्ञापन र परीक्षाका बारेमा सरोकारवालाहरुबाट बारम्बार सोधिने प्रश्नहरुको सम्बन्धमा तयार पार्नुभएको जानकारीमूलक विषयवस्तु

**१) अन्तर्वार्ता भनेको के हो ? आयोगमा अन्तर्वार्ता समितिको गठन कसरी हुन्छ ?**

निजामती सेवामा रिक्त पदपूर्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न आयोगले लिने परीक्षाको तरिका मध्ये अन्तर्वार्ता पनि एक हो। उम्मेदवार लिखित परीक्षाबाट छनौट भइसकेपछि प्रयोगात्मक/सीप परीक्षा वा सामूहिक परीक्षण गर्नुपर्ने भएमा सो पश्चात् उम्मेदवारको अन्तर्वार्ता लिने गरिन्छ । अन्तर्वार्ता समितिका पदाधिकारीबाट लिखित परीक्षामा सफल उम्मेदवारलाई प्रश्नहरु सोध्ने र उम्मेदवारले जवाफ दिने कार्य नै अन्तर्वार्ता हो । अन्तर्वार्तामा उम्मेदवारको पदका लागि चाहिने ज्ञानको स्तर, उक्त ज्ञानलाई व्यवहारमा उतार्न उम्मेदवारमा देखिने उत्सुकता र प्रतिबद्धताको अवस्था, बोल्ने, घुलमिल हुने क्षमता, नेतृत्व दिने, समस्यालाई विश्लेषण गर्ने, तर्क गर्ने क्षमता आदिको आधारमा अन्तर्वार्ताको मूल्याङ्कन गरिन्छ। तर उम्मेदवारको लिङ्ग, जाति, वर्ण, क्षेत्रीयता, भेषभूषा आदि जस्ता विषयहरुलाई मूल्याङ्कनको आधार लिइदैन।

अन्तर्वार्ताका लागि आयोगको केन्द्रीय कार्यालयमा अध्यक्ष वा निजले तोकेको सदस्य वा अन्य कुनै व्यक्तिको अध्यक्षतामा दक्ष र विशेषज्ञ समेत रहेको अन्तर्वार्ता समिति गठन हुने व्यवस्था छ । यस्तै आयोगको क्षेत्रीय तथा अञ्चल कार्यालयहरुमा हुने अन्तर्वार्ताका लागि सम्बन्धित कार्यालय प्रमुख वा निजले तोकेको निकायका अधिकृत कर्मचारीको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन हुने व्यवस्था छ। उक्त समितिमा अन्तर्वार्ता लिन सम्बन्धित विषयको विज्ञ, केन्द्रीय प्रतिनिधिका रुपमा आयोगको केन्द्रीय कार्यालयबाट खटिईने प्रतिनिधि र सदस्य रहने व्यवस्था छ।

यसरी अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । अन्तर्वार्ता समितिमा महिला, आदिवासी/जनजाति, मधेसी, दलित, पिछडिएको क्षेत्रको व्यक्तिमध्ये कम्तिमा एकजना सदस्य रहेमा समावेशी सहभागिता सुनिश्चित भएको मानिनेछ।

**२) परीक्षार्थीहरुको अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने आधारहरु कुन कुन हुन्।**

**अग्रिम अन्तर्वार्ता लिन सक्ने आधारहरु :** लिखित वा प्रयोगाात्मक परीक्षाको प्रकाशित नतिजामा समावेश भएको कुनै उम्मेदवारले मनासिव कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मितिभन्दा अगाडि नै अन्तर्वार्ता लिइदिन सो को कारण उल्लेख गरी दिएको निवेदन मनासिव देखिएमा आयोगले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ।

**छुट अन्तर्वार्ता लिन सकिने आधारहरु :** कुनै उम्मेदवारले देहायको अवस्था परी अन्तर्वार्ताको लागि आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा उम्मेदवारले दिएका निवेदनको आधारमा निवेदकको व्यहोरा मनासिब देखेमा आयोगले छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ :

क) काबू बाहिरको परिस्थिति परेमा,
ख) सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा,
ग) किरिया बस्नु परेमा,
घ) सुत्केरी भएमा,
ङ) अन्तर्वार्तामा उपस्थित हुन नसक्ने गरी आकस्मिक बिरामी भएमा ।

यसरी निवेदन दिँदा अन्तर्वार्ताका लागि आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेको कारणको प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया बस्नु परेको हकमा पन्ध्र दिन र अन्य अवस्थाको हकमा सात दिनभित्र निवेदन दिनुपर्नेछ।

अग्रिम वा छुट अन्तर्वार्तामा समावेश हुने उम्मेदवारले आयोगले निर्धारण गरे बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

**३) निजामती सेवामा समावेशी पदपूर्तिका लागि प्रतिशत निर्धारण गर्दा पिछडिएको क्षेत्र भनी कुन कुन जिल्लालाई लिइएको छ ?**

निजामती सेवा ऐन, २०४९ को दफा ७ मा निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरु मध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी सो मध्ये चार प्रतिशत पद पिछडिएको क्षेत्रका लागि छुट्याई सो क्षेत्रका उम्मेदवारबीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । जसमा पिछडिएको क्षेत्रका रुपमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्लालाई लिइएको छ।

**४) वैकल्पिक उम्मेदवार भनेको के हो ? यस्तो उम्मेदवारको संख्या कसरी निर्धारण गरिन्छ ?**

बैकल्पिक उम्मेदवार भनेको आयोगका लिखित, प्रयोगात्मक (प्रयोगात्मक परीक्षा हुने हकमा) परीक्षा तथा अन्तर्वार्ता समेतबाट योग्यताक्रम कायम गर्दा सिफारिश हुनका लागि माग पद भित्र पर्न नसकेका तर सो लगत्तै योग्यताक्रममा परि निर्धारित संख्यामा निकाल्नु पर्ने उम्मेदवार हुन् । नियुक्तिको लागि सिफारिश गरिएका मुख्य उम्मेदवारले नियुक्तिको सूचना पाएको वा सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र नियुक्ति पत्र नलिएमा तथा नियुक्तिको लागि सिफारिश गरिएको उम्मेदवारको सिफारिश भएको मितिले एक वर्ष भित्र मृत्यु भई वा निजले नियुक्ति लिएको पदबाट राजीनामा दिई वा निजको अन्य पदमा नियुक्ति भई निजले नियुक्ति लिएको पद रिक्त हुन आएमा वैकल्पिक उम्मेदवारको सूचिमा रहेका उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्तिको लागि सिफारिश गर्ने व्यवस्था रहेको छ । साथै आयोगको विज्ञापन बमोजिम परीक्षामा उम्मेदवार हुन कुनै व्यक्तिले पेश गरेको कुनै विवरण झुट्टा वा गलत प्रमाणित भएमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त वा परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिश रद्द गर्न सक्ने, यसरी रद्द भएमा पनि आयोगले योग्यताक्रम अनुसार बैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिश गर्ने व्यवस्था रहेको छ । यसरी वैकल्पिक सिफारिश गर्नको लागि पद रिक्त भएको कार्यालयबाट सिफारिशका लागि माग भई आउनुपर्दछ ।

आयोगबाट उम्मेदवारको अन्तिम नतिजाको लागि योग्यताक्रमको सूची प्रकाशन गर्दा देहाय बमोजिम संख्यामा बैकल्पिक उम्मेदवार सूची प्रकाशन गर्नु पर्नेछ ।

| क्र.सं. | माग भएको रिक्त पदसंख्या | वैकल्पिक उम्मेदवार संख्या |
|---|---|---|
| १. | १ देखि ३ सम्म भएमा | १ |
| २. | ४ देखि ८ सम्म भएमा | २ |
| ३. | ९ देखि १५ सम्म भएमा | ३ |
| ४. | १६ देखि २० सम्म भएमा | ४ |
| ५. | २१ वा सो भन्दा माथि | २० प्रतिशत |

तर एकीकृत परीक्षा प्रणाली अन्तर्गतको विज्ञापनको हकमा भने उम्मेदवारले उल्लेख गरेको प्राथमिकता क्रमको आधारमा सिफारिश योग्यताक्रममा नपरेका सबै उम्मेदवार समावेश हुने गरी बैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नुपर्नेछ । बैकल्पिक उम्मेदवारको सूची तयार गर्दा एकभन्दा बढी उम्मेदवारको अन्तिम प्राप्ताङ्क समान भएमा समान प्राप्ताङ्क हुने सम्मको नामावली प्रकाशन गर्ने गरिन्छ । साथै आवश्यक भन्दा कम उम्मेदवार भएमा कम संख्यामा नै वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्ने गरिन्छ ।

**५) उम्मेदवारको अन्तिम नतिजाको लागि योग्यताक्रम सूची प्रकाशन गर्दा कूल प्राप्ताङ्क बराबर भएमा कसरी योग्यताक्रम कायम गरिन्छ ?**

आयोगबाट अन्तिम नतिजा प्रकाशनको लागि आयोगबाट लिइएको अन्तिम चरणको परीक्षाको समेत उम्मेदवारले प्राप्त गरेको कूल अङ्कको आधारमा योग्यताक्रम सूची तयार गर्नुपर्नेछ । यस्तो सूची तयार गर्दा उम्मेदवारको कुल प्राप्ताङ्क बराबर भएमा देहायका आधारमा योग्यताक्रम कायम गरिनेछ :

क) लिखित परीक्षा हुनेमा लिखित परीक्षाको प्राप्ताङ्कको आधारमा,

ख) लिखित परीक्षा र प्रयोगात्मक परीक्षा हुने माथि उल्लेखित (क) अनुसार योग्यताक्रम नछुट्टिएमा प्रयोगात्मक परीक्षाको प्राप्ताङ्कको आधारमा,

ग) माथि उल्लेखित खण्ड (ख) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा अन्तर्वार्ताको प्राप्ताङ्को आधारमा,

घ) खण्ड (ग) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा सम्बन्धित पदको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्कको प्रतिशतको आधारमा,

ङ) खण्ड (घ) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा विज्ञापन गरिएको पदभन्दा एक तह मुनिको पदमा बहाल रहेको व्यहोरा दरखास्त फाराममा उल्लेख गरेको भए त्यस्तो पदको जेष्ठताको आधारमा

च) खण्ड (ङ) बमोजिम पनि उम्मेदवारको योग्यताक्रम नछुट्टिएमा उम्मेदवारको ज्येष्ठताको आधारमा

छ) अन्तर्वार्ताबाट मात्रै छनौट गरिने पदका हकमा खण्ड (घ), (ङ) वा (च) को आधारमा ।

**६) उत्तरपुस्तिका सम्परीक्षण र पुनर्योग भनेको के हो ?**

उत्तरपुस्तिका सम्परिक्षण भन्नाले एकपटक परीक्षण भइसकेका उत्तर पुस्तिकालाई फेरि दोहोऱ्याएर परीक्षण गराउने कार्यलाई बुझाउँछ । आयोगबाट लिइने लिखित परीक्षाको उत्तरपुस्तिकाको परीक्षण आयोगको केन्द्रीय कार्यालयको हकमा आयोगले तोकेको र आयोगको क्षेत्रीय निर्देशनालय तथा अञ्चल कार्यालयको हकमा तत् तत् कार्यालयका प्रमुखले तोकेको सम्बन्धित विषयको दक्ष वा विशेषज्ञबाट गराउने व्यवस्था छ । यसरी दक्ष विशेषज्ञबाट परीक्षण गरी प्राप्त उत्तरपुस्तिकाहरु उम्मेदवारले लेखेको सबै उत्तर परीक्षण गरी अंक दिइएको छ/छैन, परीक्षकले दिएका सबै अंकहरु ठीकसँग जोडिएको छ/छैन लगायत आयोगले तोकेको अन्य आधारहरुमा आयोगले आवश्यक देखेमा सम्बन्धित विषयको दक्ष वा विशेषज्ञबाट परीक्षण भई प्राप्त भएका उत्तरपुस्तिकाहरु मध्ये सबै वा केही उत्तरपुस्तिका सम्परीक्षण गराउन सक्ने र यसरी सम्परीक्षण गर्दा दक्ष वा विशेषज्ञले पालना गर्नुपर्ने शर्तहरु पालना भएको नपाइएमा त्यस्ता उत्तरपुस्तिकाको पुन परीक्षण गराइनेछ ।

पुनर्योग भनेको परीक्षामा उम्मेदवारले प्राप्त गरेको अंक आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको प्राप्ताङ्कमा चित्त नबुझी कुनै वा सबै पत्रको पुनर्योग गरी पाउँ भनी पुनर्योग गर्नुपर्ने पत्र उल्लेख गरी

सो पदको लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले सात दिन भित्र आयोगको सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ, यसरी निवेदन दिँदा सो पदको लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर संलग्न गर्नुपर्नेछ ।

यस्तो निवेदन आएकोमा सम्बन्धित कार्यालयको प्रमुखले लिखित परीक्षाको प्राप्ताङ्कको पुनर्योग गरी निवेदकलाई सो को नतिजा जानकारी गराउनुपर्छ । पुनर्योगको आधारमा लिखित परीक्षाको नतिजा परिवर्तन हुने भएमा सो अनुसार गर्नुपर्दछ ।

लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि निवेदकको निवेदनको आधारमा पुन परीक्षण हुने व्यवस्था छैन । पुनर्योग हुने व्यवस्था छ ।

**७) के कस्ता सार्वजनिक निकाय/संस्थाहरुमा लोक सेवा आयोगको पदपूर्ति प्रक्रियामा संलग्नता रहेको छ ?**

लोक सेवा आयोगले योग्यता प्रणालीको संरक्षण गर्दै मर्यादित र निष्पक्ष तरिकाले परीक्षा सञ्चालन गरी उपयुक्त उम्मेदवारको छनौटका साथै नियुक्तिका लागि सम्बन्धित निकायलाई सिफारिश गर्दछ । सो प्रक्रियाका सम्बन्धमा देहायका सार्वजनिक निकाय/संस्थाहरुमा लोक सेवा आयोगको पदपूर्ति प्रक्रियामा संलग्नता रहेको छ :

(क) नेपालको अन्तरिम संविधान २०६३ को धारा १२६ मा व्यवस्था भएअनुसार निजामती सेवाका पदहरु, स्वास्थ्य सेवा र व्यवस्थापिका-संसद सेवाको पदपूर्ति सम्बन्धी कार्य ।

(ख) सोही धारा अनुसार सुरक्षा निकायहरु नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तर्फको पदपूर्ति तथा राष्ट्रिय अनुसन्धान तर्फका पदपूर्तिको नियुक्ति र बढुवा सम्बन्धी कार्यको सामान्य सिद्धान्तमा परामर्श दिएर ।

(ग) सोही धारा अनुसार सार्वजनिक संस्थानहरुको पदपूर्तिमा, नियुक्ति, बढुवा र विभागीय सजायका सम्बन्धमा सामान्य सिद्धान्तको बारेमा परामर्श दिएर ।

(घ) निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० को व्यवस्था अनुसार बढुवा समितिमा संलग्न भएर

(ङ) विभिन्न ऐन, नियमावली, निर्देशिका, विनियमावलीले व्यवस्था गरेबमोजिमको निकायबाट माग भई आएअनुसार सार्वजनिक निकायहरु जस्तैः स्थानीय निकायहरु, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, राष्ट्रिय दलित आयोग ।

यसरी प्रतिनिधित्व गरेका निकायहरुको विवरण आयोगले गोरखापत्र र आयोगको website मा आर्थिक वर्षको शुरुमा प्रकाशित समेत गर्ने गरेको छ ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) तथा सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने अग्रसक्रिय खुलासा (Proactive Disclosure) सम्बन्धी सार्वजनिक गरिएको विवरण :**

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्वरुप र प्रकृति | संवैधानिक निकाय |
| २. | निकायको काम, कर्तव्य र अधिकार | नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६ मा व्यवस्था भए बमोजिम । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | विभिन्न पदका ३७७ जना (राजपत्रांकित श्रेणीतर्फ १२५, राजपत्र अनंकित श्रेणीतर्फ १६८ र श्रेणीविहीनतर्फ ८४), कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ । |
| ४. | निकायबाट प्रदान गरिने सेवा | माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिश, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु (नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, बढुवा, उजुरी उपर टुंगो लगाउने आदि । |
| ५. | सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी | |

| क्र.सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम |
|---|---|---|---|
| १ | परीक्षा महाशाखा<br>सहसचिव<br>श्री नारायणप्रसाद शर्मा दुवाडी | क) परीक्षा संचालन शाखा (प्राविधिक) | श्री ईश्वरीप्रसाद अर्याल |
| | | ख) परीक्षा संचालन शाखा (अप्राविधिक) | श्री जगन्नाथ बराल |
| | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | श्री रेणु श्रेष्ठ |
| | | घ) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | श्री सूर्यनाथ कोईराला |
| | | ङ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | श्री रमेश मैनाली |
| २ | प्रश्नपत्र परिमार्जन एवं सिफारिश महाशाखा<br>सहसचिव<br>श्री लोकहरि पाण्डे | क) प्रश्नपत्र परिमार्जन शाखा (प्राविधिक) | श्री टेकनाथ शर्मा पौडेल |
| | | ख) प्रश्नपत्र परिमार्जन शाखा (अप्राविधिक) | श्री जानकीराम शर्मा बराल |
| | | ग) अन्तर्वार्ता तथा सिफारिश शाखा | श्री ज्ञानेश्वर भट्टराई |
| ३ | प्रशासन तथा योजना महाशाखा<br>सहसचिव<br>श्री केदारनाथ शर्मा | क) प्रशासन शाखा | श्री झक्कप्रसाद आचार्य |
| | | ख) सूचना तथा प्रकाशन शाखा | श्री गीताकुमारी होमेगाईं |
| | | ग) आर्थिक प्रशासन शाखा | श्री दिपक लामिछाने |
| | | घ) योजना तथा समन्वय शाखा | श्री शिवराम न्यौपाने |
| ४ | परीक्षण प्रविधि तथा पाठ्यक्रम महाशाखा<br>मुख्य मनोविज्ञानवेत्ता<br>श्री खगेन्द्रप्रसाद सुवेदी | क) परीक्षण प्रविधि तथा अनुसन्धान शाखा | श्री सर्मनुलाल शाक्य |
| | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | श्री कृष्ण जि.सी. |
| ५ | कानून महाशाखा<br>सहसचिव<br>श्री राजीव गौतम | क) नीति नियम तथा अभिलेख शाखा | श्री सन्तोष दाहाल |
| | | ख) वढुवा उजुरी तथा विभागीय सजाय परामर्श शाखा | श्री कोमलनाथ आचार्य |

| | | |
|---|---|---|
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | कामको प्रकृति अनुसार फरक फरक हुने । आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको । |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव । (नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिव, सचिव, आयोगका मा. सदस्य, मा. अध्यक्ष तथा आयोग, सम्बन्धित अदालत |
| ९. | सम्पादन गरेको कामको विवरण | परीक्षा सञ्चालन, उपयुक्त उम्मेदवारको छनौट, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्त, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान, सूचना प्रकाशन आदि |
| १०. | प्रमुख, सूचना अधिकारीको नाम र थर | प्रमुख माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनाली<br>सचिव श्री विष्णुप्रसाद लम्साल<br>सूचना अधिकारी - उपसचिव श्री गिताकुमारी होमेगाई,<br>सहायक सूचना अधिकारी - शाखा अधिकृत श्री सूर्यप्रसाद सापकोटा |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | – नेपालको अन्तरिम संविधान, २०६३<br>– लोक सेवा आयोग ऐन, २०६६ तथा लोक सेवा आयोग नियमावली, २०६७<br>– निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>– नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>– व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>– विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>– लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७<br>– लोक सेवा आयोगको निरीक्षण निर्देशिका, २०५१<br>– लोक सेवा आयोगको कार्य पद्दति दिग्दर्शन, २०७०<br>– लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>– सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>– लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>– अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | Information and Communication Technology Development Project सन् २०१३ देखि एशियाली विकास बैंकको सहयोगमा सञ्चालन भइरहेको, आयोगका कामकारवाहीलाई Public Service Recruitment Management System (PSRMS) विकास गरी आयोगका कार्यहरु Automation मा लैजाने एवं आयोगबाट हुने विज्ञापनहरुमा Online आवेदन लिने प्रमुख उद्देश्य । |
| (ख) | सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण | Website: www.psc.gov.np<br>Email: info@psc.gov.np |
| (ग) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेवसाइट www.psc.gov.np, हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (अवस्था अनुसार अन्य बारहरुमा पनि) आयोगबाट प्रकाशन हुने बुलेटिन (सूचनापत्र), रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने । |

## लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण

| क्र.सं. | निकायहरुको नाम | सूचना अधिकारीको पद, नाम र थर | कार्यालयको सम्पर्क नं. |
|---|---|---|---|
| १. | पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा | शाखा अधिकृत, श्री केशवकुमार ढकाल | ०२६–५२०१३०, ५२०१५१ |
| २. | मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, कमलपोखरी | शाखा अधिकृत, श्री गोविन्द कुँवर | ४४१०७८२, ४४१०९६५, |
| ३. | पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा | शाखा अधिकृत, श्री जीतबहादुर भट्टराई | ०६१–४६३१४५, ४६३५०६ |
| ४. | मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत | शाखा अधिकृत, श्री नारायणप्रसाद गौतम | ०८३–५२०१०६ |

| | | | |
|---|---|---|---|
| ५. | सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायल | निर्देशक, श्री देवीप्रसाद बगाले | ०९४-४४०१४७, ४४०१७८ |
| ६. | मेची अञ्चल कार्यालय, इलाम | शाखा अधिकृत, श्री जनार्दन कट्टेल | ०२७-५२००६२ |
| ७. | सगरमाथा अञ्चल कार्यालय, दिक्तेल | शाखा अधिकृत, श्री सबिता के.सी.. | ०३६-४२०१७७ |
| ८. | जनकपुर अञ्चल कार्यालय, जलेश्वर | नायब सुब्बा, श्री मनिकुमार तामाङ | ०४४-५२०१४७ |
| ९. | नारायणी अञ्चल कार्यालय, हेटौंडा | शाखा अधिकृत, श्री शालिकराम दाहाल | ०५७-५२०३०२ |
| १०. | लुम्बिनी अञ्चल कार्यालय, बुटवल | शाखा अधिकृत, श्री नारायणप्रसाद आचार्य | ०७१-५४०२०७ |
| ११. | धवलागिरी अञ्चल कार्यालय, बाग्लुङ | शाखा अधिकृत, श्री गंगाधर पौडेल | ०६८-५२२६४७ |
| १२. | राप्ती अञ्चल कार्यालय, दाङ | शाखा अधिकृत, श्री तुलसा सेढाई | ०८२-५२००१३ |
| १३. | कर्णाली अञ्चल कार्यालय, जुम्ला | शाखा अधिकृत, श्री दशरथ बुढा | ०८७-५२०००८ |
| १४. | महाकाली अञ्चल कार्यालय, महेन्द्रनगर | शाखा अधिकृत, श्री ध्रुव गिरी | ०९९-५२१२०९ |
| १५. | काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र | शाखा अधिकृत, श्री प्रेमप्रसाद देवकोटा | ०१-४७७१२१४ |

## आर्थिक वर्ष २०७१/७२ मा सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण

**क) लोक सेवा आयोग केन्द्रीय कार्यालय**

| क्र.स. | सूचना माग कर्ताको नाम | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| १. | श्री प्रभातकुमार गुप्ता | न्याय सेवा तर्फको एकीकृत परीक्षाको शाखा अधिकृत वा सो सरहको निजको उत्तरपुस्तिकाको प्रतिलिपि र प्राप्ताङ्कको जानकारी | २०७१।८।८ | आयोगको निर्णयानुसार लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ र लोक सेवा आयोग नियमावली २०६७ को नियम ४३ बमोजिम माग अनुसारको प्रतिलिपि उपलब्ध गराउन नसकिने लिखित जानकारी गराइएको । |
| २. | श्री अजय स्वर्णकार | रा.प. तृतीय श्रेणी अप्राविधिक तर्फको एकीकृत परीक्षा प्रणालीको प्रथम चरणको परीक्षामा समावेशी समूहका उम्मेदवारलाई समेत परीक्षा दिन अनिवार्य गरिएको बारेको निर्णयको प्रतिलिपि | २०७१।८।२९ | निर्णयको सार संक्षेप सहितको पाठ्यक्रम परीक्षा प्रणाली योजना, आयोगको website मा रहेको जानकारी गराइएको । |
| ३. | श्री रामकुमार सापकोटा | वि.नं १७०४९/०७१-७२, इञ्जि. सेवा, सर्भे समूहको प्रमुख नापी अधिकृत पदको परीक्षामा आफूले दिएको उत्तरपुस्तिका तथा प्राप्ताङ्का सम्बन्धमा सूचना माग | २०७२।१।६ | आयोगको निर्णयानुसार लोक सेवा आयोग ऐन, २०६६ को दफा ४५ र लोक सेवा आयोग नियमावली २०६७ को नियम ४३ बमोजिम गोप्य रहने भएकोले उपलब्ध गराउन नसकिने लिखित जानकारी गराइएको । |
| ४. | श्री प्रमिला कायस्थ<br>श्री ज्योत्स्ना खड्का | – राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत वा सो सरह पदमा अन्य सेवा समूहको भन्दा न्याय सेवाका उम्मेदवारलाई अतिरिक्त पत्रको व्यवस्थाले पारेको प्रभाव सम्बन्धी अध्ययन भएको नभएको सोको जानकारी माग<br>– हालसम्म ५ वटा परीक्षाका विभिन्न चरणमा उत्तीर्ण/अनुतिर्ण उम्मेदवार संख्या | २०७२।३।२७ | – पदले गर्ने कार्य विवरण अनुसार सम्बन्धित मन्त्रालयको सहभागितामा पाठ्यक्रम तयार हुने,<br>– उत्तीर्ण/अनुतिर्ण उम्मेदवारको विवरण नतिजा प्रकाशन हुँदाको बखत सार्वजनिक भएको ।<br>– यस विषयमा थप अनुसन्धान नभएको जानकारी गराइएको । |

**ख) क्षेत्रीय निर्देशालय, अञ्चल कार्यालय र काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र**

आयोग मातहतका क्षेत्रीय निर्देशनालयहरु, अञ्चल कार्यालय तथा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्रमा कुनै पनि प्रकारको सूचना माग सम्बन्धी निवेदन प्राप्त नभएको ।

# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय, अनामनगर
## सूचना तथा प्रकाशन शाखा
### राजपत्रांकित तथा राजपत्र अनंकित विभिन्न श्रेणी/तहका पदहरुको पदपूर्ति सम्बन्धी आ.व.२०७२/७३ को वार्षिक कार्यतालिका

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प.नतिजा | अन्तर्वार्ता र सिफारिश |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | विभिन्न सेवाका राजपत्रांकित प्रथम श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसीर | पुष/माघ | माघ/फागुन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ३. | विभिन्न सेवाका राजपत्रांकित द्वितीय श्रेणीका प्राविधिक र अप्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ४. | स्वास्थ्य सेवाका एघारौं र नवौं तहका पदहरु | खुला र आ.प्र. द्वारा | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| ५. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ६. | स्वास्थ्य सेवाका आठौं तहका पदहरु | खुला प्रतियोगिताद्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| ७. | स्वास्थ्य सेवाका सातौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | असोज/कार्तिक | कार्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत्र/वैशाख | वैशाख/जेठ |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्यांकनबाट हुने समायोजनद्वारा | | | | | |
| ८. | विभिन्न सेवाका राजपत्रांकित तृतीय श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | कार्तिक/मंसीर | मंसीर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | चैत्र | जेठ | असार |
| | | आन्तरिक प्रतियोगिताद्वारा* | | | चैत्र | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ९. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका अप्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा – प्रथम चरण | मंसीर/पुस | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला प्रतियोगिताद्वारा – द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| १०. | विभिन्न सेवाका राजपत्र अनंकित प्रथम श्रेणीका प्राविधिक पदहरु | खुला प्रतियोगिताद्वारा | पुस /माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | असार |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| | | कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा* | | | | | |
| ११. | स्वास्थ्य सेवाका पाँचौं तहका पदहरु | खुला र आ.प्र.द्वारा | पुस/माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | असार |
| | | कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा | | | | | |
| १२. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका अप्राविधिक पदहरु | आ.प्र | माघ/फागुन | फागुन अन्तिम बुधबार | जेठ | भदौ/असोज | असोज/कार्तिक |
| | | खुला – प्रथम चरण | | | चैत | वैशाख | |
| | | खुला – द्वितीय चरण | | | जेठ | भदौ/असोज | असोज/कार्तिक |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १३. | विभिन्न सेवाका राजपत्र अनंकित द्वितीय श्रेणीका प्राविधिक पदहरु | खुला र आ.प्र. द्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा* | | | | | |
| | | जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तहका पदहरु | खुला प्रतियोगिताद्वारा | फागुन/चैत्र | चैत्र अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | टाइपिष्ट | आ.प्र. द्वारा बढुवा | | साउन अन्तिम बुधबार | असोज | असोज/कार्तिक | असोज/कार्तिक |

* व्यवस्थापिका संसद सेवाको लागि मात्र ।